**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख २१ गते**
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** भारत तथा तेस्रो मुलक र जिल्ला बाहिरबाट जुम्ला भित्रिने नागरिकद्वारा मापदण्ड अनुसार क्वारेन्टाइन नभएको भन्दै उच्च अदालत सुर्खेत जुम्ला इजलासमा वैशाख २१ गते रिट दायर गरिएको छ । नेपालको संविधान धारा १४४ (१) (२) बमोजिम विशेष तथा उपयूक्त अन्तरिम आदेश सहितको परमादेशको आदेश जारी गरी पाउँ भनि निवेदक अधिक्ता पदमबहादुर शाहीले रिट दायर गर्नु भएको हो ।
मुख्य मन्त्री, मन्त्री परिषद्को कार्यालय, मन्त्री तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालय सहित जुम्लाको एक नगरपालिका र सात गाउँपालिका विरुद्ध रिट दायर गरिएको हो । त्यसैगरी सहायक प्रमुख जिल्ला अधिकारी, संयोजक क्वारेन्टाइन व्यवस्थापन तथा सञ्चालन समिति जुम्लालाई पनि दायर रिटमा विपक्षी बनाइएको छ ।
अधिवक्ता शाहीका अनुसार मापदण्ड अनुरुप क्वारेन्टाइन नभएको, बाहिर जिल्लाबाट आएका व्यक्तिलाई क्वारेन्टाइनमा नराखिएको, क्वारेन्टाइनमा राखिए पनि सर्वसाधारण व्यक्तिलाई मात्र राखिएको छ । "बाहिर जिल्लाबाट आएका जो सुकै व्यक्तिलाई क्वारेन्टाइनमा राख्नु पर्ने हो तर पहुँच भएको व्यक्तिलाई नराखिएको भन्ने जनगुनासो बढेकोले अदालतमा रिट दायर गर्नु परेको हो" शाहीले भन्नुभयो । त्यसैगरी क्वारेन्टाइनमा राखिएका व्यक्तिको पनि समयमा कोरोना परीक्षण नगरिएको र समयमा किट पनि ल्याउन नसकिएकोले अदालतमा रिट दायर गर्नु परेको उहाँको भनाई छ ।
क्वारेन्टाइन स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड ०७६ को विपरित लकडाउनका बीच स्थानीय प्रशासनलाई समेत प्रभावमा पारी हजारौं मानिसलाई जिल्ला भित्र्याएकोले कोरोना भाइरसको त्रास बढेको रिटमा उल्लेख छ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** वैशाख २० गतेदेखि नेपालगञ्ज र सुर्खेतबाट जहाजमा उद्धार गरिएका हुम्लावासीलाई कर्णाली प्रदेश सरकारले टिकटमा ५० प्रतिशत अनुदान दिने भएको छ ।
वैशाख २० गते बसेको मन्त्रिपरिषद्को बैठकले सडक सञ्जाल नजोडिएको हिमाली जिल्लाका अलपत्र विद्यार्थी र ६० वर्ष माथिका नागरिकलाई हवाई टिकटमा ५० प्रतिशत अनुदान दिने निर्णय गरेको कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री दलबहादुर रावलले बताउनुभयो ।
उक्त सुविधा लिन जिल्ला प्रहरी कार्यालयमा ६० वर्ष माथिका नागरिकले नागरिकताको फोटोकपी र विद्यार्थीले परिचयपत्र पेश गर्नु पर्नेछ । नेपालगञ्जबाट हुम्ला सिमकोटका लागि प्रति यात्रु १० हजार पाँच सय रुपैया टिकट दर रहेको छ । हवाई मार्गबाट उद्धार गरिने नागरिक ८ सय ९५ जना रहेका छन ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** आठविसकोट नगर कार्यपालिकाको बैठकले लकडाउनका कारण काम विहिन भएका मजदुरलाई रोजगारी दिने भएको छ । दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्दै आएका तर लकडाउनका कारण काम गर्न नपाएर समस्यामा परेका

मजदुरहरुलाई रोजगारी दिने र सोहि अनुसार खाद्यान्न उपलब्ध गराइने नगर प्रमुख गोर्खबहादुर केसीले जानकारी दिनुभयो ।
साथै नगरपालिकामा रहेका जग्गा बाँझो हुन नदिन सवै कृषकहरुलाई उत्पादनमा लाग्न अनुरोध पनि गरिएको उहाँले बताउनुभयो । जग्गा बाँझो राख्न नपाइने र कसैले बाँझो राखेमा नजिकैको अंशियार तथा सँदियारलाई खेती लगाउन वडा कार्यालयले प्रोत्साहन गर्ने नगरप्रमुख केसीको भनाई छ । खेती गर्न संभव नभए वडामा बसोबास गर्ने तर जमिन नभएका विपन्न परिवारलाई खेती गर्न प्रोत्साहन गरिने पनि उहाँको भनाई छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** जिल्ला बाहिरबाट आएका केही मजदुरहरु स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा नबसेर भेरी नगरपालिका–१ पिपेस्थित एक ओडारमा बसेको पाइएको छ । केहीदिन अघि नुवाकोट र बैतडीबाट आएका भेरी नगरपालिका–१ का १४ जना मजदुरहरु गाउँकै वनमा रहेको ओडारमा एकान्तबास बसिरहेका छन् ।
बागेश्वरी आधारभूत विद्यालयमा वडाले बनाएको क्वारेन्टाइनमा उनीहरु बस्न नमानेपछि ओडारमै आवश्यक लत्ताकपडा र खाद्यान्नको व्यवस्था गरेको वडाध्यक्ष दीपक रानाले बताउनुभयो ।
भेरी नगरपालिकाले जिल्ला बाहिरबाट आउनेहरुलाई राख्न सदरमुकामस्थित त्रिभूवन माविमा बनाएको क्वारेन्टाइन खाली छ तर उनीहरु ओडारमा कोचिएर बसेका छन् । उनीहरुमध्ये केहीले घरबाटै खाना, खाजा ल्याएर खाइरहेका छन् । उनीहरुले दिउँसो गाउँमा भौतिक दूरी कायम गरी काम गरिरहेको स्थानीय ढकवीर रानाले बताउनुभयो ।
चिसो भुइँमा घाँस बिछ्याएर त्यहीमाथि कार्पेट राखिएको तर दैनिक पानी परेपछि चिसोले सताउन थालेको नुवाकोटबाट फर्केका हरिवहादुर पुनले बताउनुभयो । 'विद्यालय भन्दा ओडारमा सुरक्षित होला भनेर यहाँ बस्यौं । गाउँ नजिकै भएकोले खेतबारीको काममा समेत सघाइरहेका छौं' उहाँले भन्नुभयो । ओडारमा बसेका कोहीपनि परिवार र गाउँका मान्छेको सम्पर्कमा नगएको पुनको भनाइ छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** कोरोना भाइरसको रोकथामका लागि प्रत्येक वडाले गाउँगाउँमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेका छन् । १० स्थानीय तहका ८३ वडामा तिब्ररुपमा कोरोनाविरुद्धको पूर्वतयारी गरिएको जिल्ला प्रशासन कार्यालय सल्यानले जनाएको छ ।
वडा अध्यक्षको नेतृत्वमा आपतकालिन उद्धार समूह गठन, अन्य मुलुकबाट आएकाको लगत संकलन गरी अद्यावधिक, स्वास्थ्य संस्थाहरुमा पीपिई सेट लगायतका आवश्यक स्वास्थ्य सामाग्री वितरण गरिएको दार्मा गाउँपालिकाका अध्यक्ष नीमबहादुर केसीले बताउनुभयो । उहाँका अनुसार कर्मचारी र जनप्रतिनिधिको लतब भत्ता विपद् कोषमा जम्मा गर्ने र क्वारेन्टाइनमा रहेकाहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने कार्य भइरहेको छ ।
गाउँपालिकामा आवतजावतलाई रोक तथा लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गर्न विभिन्न सात नाकामा कर्मचारी र स्वयंसेवकहरुलाई चौबिसै घण्टा परिचालन गरिएको, सामाजिक सुरक्षा भत्ता घर घरमै वितरण गरिएको, सहकारी मार्फत राहत वितरण गरिएको, दीर्घ रोगीलाई घर घरमै औषधी उपलब्ध गराइएको, अति विपन्न परिवारलाई निःशुल्क राहत वितरण लगायतका कार्य गरिएको केसीले बताउनुभयो ।
यस्तै कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि छत्रेश्वरी गाउँपालिकाका सातै वडामा ४३ शैयाको क्वारेन्टाइन निमार्ण गरिएको अध्यक्ष सन्तोष केसीले बताउनुभयो । तत्काल उद्धार गर्न दुई वटा

एम्बुलेन्स तयारी अवस्थामा राखेको र महामारी अवधिभर एउटा एम्बुलेन्स सल्यान जिल्ला अस्पतालमा राखिएको अध्यक्ष केसीको भनाई छ।
यस्तै वनगाड कुपिण्डे नगरपालिकाले पनि कोरोना भाइरसविरुद्ध नमूना कार्य गर्दै आइरहेको छ। प्रत्येक वडामा विपद् व्यवस्थापन समिति गठन, सचेतनामुलक कार्यक्रम, भारतलगायत बाहिरी मुलुक तथा अन्य जिल्लाबाट आएका नागरिकहरुको लगत संकलन तथा अद्यावधिक गर्ने कार्य भइरहेको नगरपालिकाका मेयर गोविन्दकुमार पुनले जानकारी दिनुभयो।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** लकडाउनका कारण खाद्यान्नको जोहो गर्न समस्या भएका सर्वसाधरणलाई राहतमा कुहिएको चामल वितरण गरिएको पाइएको छ। सरोकारवालाको स्थलगत अनुगमनका क्रममा सोरु गाँउपालिकाले खाद्य संस्थानबाट खरीद गरी वडा नम्वर ११ मा वितरण गरेको चामाल कुहिएको भेटिएको हो। कुहिएको चामल वितरण सम्बन्धमा अनुसन्धान भइरहेको प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौलाले बताउनुभयो।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**